| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा । | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो । |
| २ | अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | यसै साथ संलग्न सूची बमोजिमका सम्पन्न आयोजनाहरुको नगर/वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल भई उक्त अनुगमन प्रतिवेदनहरु अनुमोदन गरियो । साथै, आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | स्रोत सुनिश्चितता सम्बन्धमा । | १. वडा नं.१० स्थित मनोहर मा.वि.मा कक्षा कोठा, डेक्स बेन्च, झ्याल ढोका लगायत मर्मत संभार सम्बन्धी कार्यको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु १८ लाख वरावरको मर्मत संभार लगायतको खरिद कार्य अगाडि बढाउने ।<br>२. वडा नं. ६ स्थित मिलनटोल अगाडि प्राईम बैंक हुदै जाने आन्दाजी १०० मिटर सडक ढल मंगाल व्यवस्थापन एवं सडक मर्मतको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु ८ लाख ९६ हजार वरावरको मर्मत संभार लगायतका कार्य अगाडि बढाउने ।<br>३. टोखा नगरपालिकाको मुख्य मुख्य सडक/ चोकहरुमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, रानीपोखरीसँगको सहकार्यमा सिसिटिभि जडानको थप कार्य अगाडि बढाउन आगामी नगरसभाबाट रु. ५ करोडको स्रोत सुनिश्चित गर्ने । |
| ४ | छात्रवृत्ति (कक्षा ११ र १२) परीक्षा संचालन,व्यवस्थापन तथा म्याचिङ्ग सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा । | यसै साथ संलग्न टोखा नगरपालिका छात्रवृत्ति (कक्षा ११ र १२) परीक्षा संचालन,व्यवस्थापन तथा म्याचिङ्ग सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने । |
| ५ | शिक्षक दरबन्दी मिलान सम्बन्धमा । | यसै साथ संलग्न टोखा नगरपालिकाको शिक्षक दरबन्दी मिलान समितिको प्रतिवेदन स्वीकृत गर्ने । |
| ६ | 'घ' वर्गको | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ |

CS CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।</td><td>बमोजिम तपशिलका निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>आर.एस.बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>२.</td><td>श्री निर्माण सेवा प्रा.लि.</td><td>टोखा-६</td><td></td></tr>
<tr><td>३.</td><td>के.एन.जि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-७</td><td></td></tr>
<tr><td>४</td><td>आर.बि.दुप्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>५</td><td>गुस कालिक कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>६</td><td>लक्ष्मीदर्शन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन्स एण्ड कन्सल्टेन्सी प्रा.लि</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>७</td><td>आबास बिल्डर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>८</td><td>रासी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>९</td><td>वाटर सोलुसन नेपाल प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td>निर्माण कार्यको अनुदान निकासा हस्तान्तरण सम्बन्धमा ।</td><td>टोखा नगरपालिका ३ नं. वडा कार्यालयको सिफारिस साथ काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्ज शाखाको लागत अनुमान अनुसार जुनतारा टोलमा खानेपानी कनेक्सन गरी खानेपानी संचालन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. १००६७०.९४ रकम नगरसभाको १७ औं अधिवेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई रु. १००६७०.९४ अनुदान निकासा उपलव्ध गराउने ।</td></tr>
<tr><td>८</td><td>बाटो खोल्ने/विस्तार तथा खहरे नियन्त्रण एवं सार्वजनिक जग्गा संरक्षणको आयोजना कार्यान्वयन सम्बन्धमा।</td><td>१. टोखा नगरपालिका वडा नं. १० स्थित राधास्वामी सत्सङ्ग व्यास नेपालको पश्चिम तर्फको (पश्चिम- दक्षिण) भागमा साविक देखि नापी नक्सामा देखिएको बाटो छुट्याई आवत जावतमा सहज बनाउन राधास्वामी सत्सङ्ग व्यास नेपालको साविकमा कायम रहेको वाल कम्पाउण्ड लगायतका संरचना नगरपालिकाको खर्चमा भत्काई सडक कायम गरी साविकका संरचनाहरु पुनःनिर्माण गर्ने सहमति भएकोले सोको आधारमा उल्लेखित कार्यको लागि नगरपालिकाबाट आयोजना स्वीकृत तथा रकम विनियोजन भएकोले सो को कार्यान्वयनको लागि राधास्वामी सत्सङ्गव्यास नेपालको सहमति अनुसार खुल्ने/कायम हुने सडक क्षेत्र भित्र पर्ने संरचना भत्काई वाटो कायम गरी बाटो कायम गर्ने क्रममा क्षति हुन गएका संरचना (वाल कम्पाउण्ड,पिल्लर, विद्युत पोल सार्ने, लगायतका बाटो कायम गर्ने क्षेत्र भित्र पर्ने संरचना) पुनः निर्माण गर्ने गरी स्वीकृत आयोजना सम्वन्धित वडा कार्यालयबाट सिफारिस भएको उपभोक्ता समिति</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | मार्फत नगरकार्यपालिका कार्यालयबाट भएको सम्झौता अनुमोदन गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. ४ र ६ स्थित भगवती मन्दिर ओरालो बाटो स्तरोन्नती कार्यको लागि नगरसभाबाट सि.नं. ७२७ र ८६८ एवं वडा नं. ४ स्थित भगवती मार्ग राजु भण्डारीको घर पछाडिको खहरे नियन्त्रण/वाल निर्माणको लागि नगर कार्यपालिकाको मिति २०८२-१०-२८ को बैठकबाट रकम विनियोजन भएकोमा सो स्थानमा साविकको बाटो विस्तार समेत गर्ने कार्यको लागि स्थानीय बासीको सहमतिमा बाटो विस्तार क्षेत्रभित्र पर्ने व्यक्तिको जग्गामा रहको वाल लगायतका संरचना भत्काई बाटो बिस्तार गरी पुनः लगाईदिने गरी स्थानीयबासीको सहमति समेतको आधारमा सो क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण, बाटो विस्तारको लागि व्यक्तिगत जग्गामा वाल निर्माण लगायतका आवश्यक संरचना निर्माण गर्ने एवं सो स्थानमा खहरे नियन्त्रण एवं सार्वजनिक जग्गा संरक्षणको लागि वाल लगायतका आवश्यक संरचना निर्माण गर्ने गरी सम्बन्धित वडा कार्यालयबाट गठन भएको उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| ९ | भेरिएसन स्वीकृत सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ६ स्थित लाखेडाँडा पार्क र हात्तिचोक लगायतका सार्वजनिक जग्गा संरक्षण तारजाली लगाउने कार्यको लागि शुभ एन.एस. कन्स्ट्रक्सन प्रा.लि., काठमाडौंसँग मिति २०८२-२-२२ मा सम्झौता भएकोमा उल्लेखित स्थानमा KVDA मार्फत पार्क निर्माणको ठेक्का आव्हान भई निर्माण कार्य सुचारु भएकाले तारजाली लगाउँदा पार्कको बाउन्ड्रीवाल निर्माण गर्न असहज हुने भएकोले सम्झौता हुदाँका बखत BOQ मा उल्लेखित मध्ये घटी परिमाण बमोजिम रु. ११२१२० (भ्याट वाहेक) अर्थात २२.९९ प्रतिशत भेरिएसन (घटी) स्वीकृत गरी सम्पादन भएको कार्यको मूल्याङ्कन बमोजिमको रकम सम्बन्धित शुभ एन.एस. कन्स्ट्रक्सन प्रा.लि., काठमाडौं लाई भुक्तानी गर्ने । |
| १० | भू-उपयोग बर्गीकरण सम्बन्धमा । | टोखा नगरपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरणका सम्वन्धमा सम्बन्धित परामर्श दाताबाट पेश भएको प्रारम्भीक प्रतिवेदन उपर छलफल गरियो । उक्त प्रतिवेदन सार्वजनिक गरी सर्वसाधारणको राय सुझाव संकलन गर्ने । |
| ११ | आयोजना /कार्यक्रम स्वीकृत गरी रकम विनियोजन गर्ने सम्बन्धमा । | १. वडा नं. ४ स्थित मिल्सवेरी स्कुल हुदै हेपालीसम्मको सडक ग्राभेल, मर्मतको आयोजना स्वीकृत गरी मर्मत संभार शिर्षकबाट लागत अनुमान बमोजिम रु. २ लाख ५९ हजार विनियोजन गर्ने ।<br>२. वडा नं. ३ श्री इन्द्रायणी कालिका भजन समूहलाई वाद्यवादन एवं अन्य सामाग्रीहरु ( तवला-१ सेट, हार्मोनियम-१ थान, मादल-३ थान, दराज स्टिल-१ थान र १५ थान प्लाष्टिकको कुर्सी ) खरिद गरी सम्वन्धित वडा कार्यालय मार्फत हस्तान्तरण गर्ने ।<br>३. वडा नं. ४ मा संचालनमा रहेको ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको लागि वाद्यवादन एवं अन्य सामाग्रीहरु (हार्मोनियम -१ थान, स्पिकर-१ थान, कालो म्याटेस- १० मी., भित्ते पंखा,२ थान) र जीवन विज्ञान प्रयोगशाला संचालनको लागि २० थान म्याटेस र १ थान स्पिकर खरिद गरी सम्बन्धित वडा कार्यालय मार्फत हस्तान्तरण गर्ने ।<br>४. टोखा ८ स्थित टोखा बक्सिङ्ग क्लवलाई साउण्ड सिष्टम माईक सहित-थान एक र |

CS CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | योगा म्याट २० थान खरिद गरी हस्तान्तरण गर्ने ।<br>५. टोखा नगरपालिका वडा नं. २ स्थित डेरचा भ्वसिमाँगल क्षेत्रमा पहिरो रोकथामको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको मर्मत संभार शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने ।<br>६. तारादेवी स्मृति फाउण्डेशनले आयोजना गरेको श्रष्टा सम्मान तथा सांगीतिक कार्यक्रम सम्झनामा तारादेवीमा भएको खर्च मध्ये सहयोग वापत रु. १५ हजार सम्बन्धित शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।<br>७. राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति, ललितपुरद्धारा बागमती गाउँपालिका स्तरीय अन्तर मा.वि लोक दोहोरी प्रतियोगिता विद्यार्थीसँग कलाकार कार्यक्रमको लागि सहयोग रकम रु. ३५ हजार १७ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>८. बागमती प्रदेश स्काउट कार्यालयको आयोजनामा संचालित प्रथम गिलविल/एडभान्स रियुनियन कार्यक्रममा भएको खर्च मध्ये सम्बन्धित संस्थाको माग निवेदनको आधारमा आर्थिक सहयोग वापत रु. २५ हजार सम्बन्धित कार्यालयलाई भुक्तानी उपलव्ध गराउने ।<br>९. वडा नं. १० मा वाद्यवादन तालिम संचालनको लागि १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ७५ हजार विनियोजन गरी तालिम कार्यक्रम संचालन गर्ने ।<br>१०. वडा नं. १० स्थित युवा तथा बालबालिकाहरुलाई साईवर सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख विनियोजन गरी तालिम कार्यक्रम संचालन गर्ने ।<br>११. वडा नं. ४ को बालमैत्री गतिविधिहरु संचालनको कार्यक्रम अगाडि बढाउन रु. ३ लाख कार्यक्रम खर्च शिर्षकबाट विनियोजन गर्ने ।<br>१२. टोखा नगरपालिकाका विद्यालयहरुमा जंकफुड न्यूनिकरण सम्बन्धी विद्यालयहरुमा सडक नाटक तथा धुम्रपान, मध्यपान, लागू औषध दुर्व्यसन विरुद्ध सडक नाटक रु ३ लाख ५० हजारका दरले रु ७ लाख कार्यक्रम खर्च तथा विविध कार्यक्रम खर्च शिर्षकबाट विनियोजन गर्ने ।<br>१३. राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति काठमाडौंको आयोजनामा भजन संस्कृति प्रबर्द्धन सहितको वृहत जनचेतनामूलक सास्कृतिक कार्यक्रमको लागि सहयोग स्वरुप रु. ३५ हजार कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>१४. वडा नं. ७ स्थित कृषिजडिबुटी पार्क निर्माणको क्रममा सडकमा जम्मा भएको माटो अन्यत्र फाल्नु पर्ने भएकोले सोको लागि लाग अनुमान अनुसारको रकम रु. ९९ हजार मर्मत संभार शिर्षकबाट विनियोजन गर्ने । |
| १२ | धरौटी सम्बन्धमा । | टोखा नगरपालिका अन्तर्गत रहेका अक्सिजन कन्स्नट्रेटरहरु नगरबासीको सुविधाको लागि उपयोग गर्न दिदाँ धरौटी वापत प्रति सिलिण्डर रु. १० हजार लिने व्यवस्था मिलाउने । |

CS CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १३ | आर्थिक सहयोग सम्बन्धमा। | टोखा नगरपालिका वडा नं. ११ निवासी दिपीका पाठकलाई आर्थिक सहयोग वापत रु. १५ हजार सहयोग उपलव्ध गराउने । |
| १४ | उपभोक्ता समिति दर्ता सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ५ स्थित चक्रपथ बसुन्धारा एक्टिभ कलेजबाट दशक्रिया कर्मभवन टोल उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने। |
| १५ | सूचना प्रविधि सम्बन्धमा । | १. टोखा नगरपालिकाको सूचना, समाचार एवं जनसम्पर्क तथा गतिविधिहरु प्रभावकारी प्रचार प्रसार का लागि नुवाकोट एक्सप्रेस डटकमलाई १७/१८ औं नगरसभाको सि.नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. ४० हजार विनियोजन गर्ने ।<br>२. टोखा नगरपालिकाको सूचना, समाचार एवं जनसम्पर्क तथा गतिविधिहरु प्रभावकारी प्रचार प्रसार का लागि फरकपत्र मिडिया प्रा.लि.लाई १७/१८ औं नगरसभाको सि.नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. ५० हजार विनियोजन गर्ने । |
| १६ | भ्रमण स्वीकृत सम्वन्धमा । | १. टोखा नगरपालिका वडा नं. ९ का वालबालिका, जनप्रतिनिधि लगायतको प्रतिनिधि मण्डलको बालमैत्री वडा घोषणाको तयारीको लागि अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. १० का वालबालिका, जनप्रतिनिधि लगायतको प्रतिनिधि मण्डलको अध्ययन अवलोकन भ्रमण स्वीकृत गरी अन्य भ्रमण खर्च शिर्कषमा विनियोजित रकम मध्येबाट रु. २ लाख ५० हजार उपलव्ध गराउने । |
| १७ | इन्टर्नसिपका विद्यार्थीहरुलाई यातायात खर्च उपलव्ध गराउने । | १. प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (CTEVT) बाट संचालित बाल संरक्षण कार्यकर्ता तालिम अन्तर्गत इन्टर्नसिपको लागि यस कार्यालयमा आउनु भएका तपशिल बमोजिमका विद्यार्थीहरुले बालमैत्री वडाका क्रियाकलापहरुमा थप सहजिकरण समेत गरी सहयोग पुर्याएकोले निजहरुलाई कार्यालयमा आएको दिनको प्रतिदिन प्रतिव्यक्ति रु. ५००/- का दरले यातायात खर्च वापत सम्बन्धित शिर्षकबाट उपलव्ध गराउने ।<br>क. अनिशा डंगोल<br>ख. बन्दना चन्द<br>ग. दिपिका भुजेल |
| १८ | थप रकम व्यवस्थापन सम्बन्धमा । | टोखा नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न विभिन्न क्रियाकलापहरु संचालन भई रहेकोमा उक्त कार्यको लागि सो शिर्षकहरुमा विनियोजित रकम अपुग भएकोले तपशिल बमोजिमका शिर्कषहरुमा सम्बन्धित शिर्षकहरुबाट खर्च गर्ने गरी व्यवस्थापन गर्ने।<br>वडा अनुगमन -४ लाख<br>सूचक विश्लेषण- ३ लाख<br>वडागत बैठक संचालन- ३ लाख |
| १९ | व्यायमशालाका सामाग्री खरिद तथा हस्तान्तरण | टोखा नगरपालिका नगरसभाको १८ औं अधिवेशनबाट स्वीकृत आयोजना तथा कार्यक्रम शिर्षक नं. ३४ मा व्यायमशालाका सामाग्रीहरु खरिद शिर्षकको आयोजना स्वीकृत भएको, उक्त व्यायमशालाका सामाग्रीहरु खरिद गरी नगरबासीले नियमित व्यायममा उपयोग गर्ने |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | सम्बन्धमा । | गरी श्री युवा क्लवको संरक्षणमा रहने गरी उक्त क्लवलाई हस्तान्तरण गर्ने । |
| २० | औषधि उचार सहयोग । | नगरकार्यपालिकाको मिति २०८२-१२-२४ को निर्णयानुसार वडा नं. ७ वस्ने सविन श्रेष्ठ औषधि उचार सहयोगको लागि रु. ४० हजार उपलव्ध गराउने निर्णय भए अनुसार उक्त शिर्षकमा विनियोजित रकम मध्येबाट औषधि उपचार सहयोग भुक्तानी उपलव्ध गराउने । |
| २१ | सवारी साधन मर्मतको भुक्तानी सम्बन्धमा । | नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।<br>क.स \| सवारीको विवरण \| भुक्तानी गर्नु पर्ने /रकम \| सवारी प्रयोगकर्ता/ चालक<br>१ \| बा.२.ब २०२२ \| ८२६९/- \| सिताराम आचार्य |
| २२ | विपद् व्यवस्थापन सम्बन्धमा । | १. सशस्त्र प्रहरी बल मौसम जन्य विपद् उद्धार टोलीलाई ६ नं. स्थित हरिहर आश्रम परिसरमा बस्ने व्यवस्था मिलाउनको लागि आवश्यक पर्ने लजिष्टिक सामाग्री उपलव्ध गराउने ।<br>२. प्रहरी प्रभाग टोखा,काठमाडौंको मिति २०८३-१-२९,च.नं. ४४ को पत्रबाट माग भई आए बमोजिम प्राकृतिक विपद् न्यूनिकरण तथा उद्धारको लागि विभिन्न सामाग्रीहरु खरिद गरी उक्त प्रभागलाई विपद् व्यवस्थापन कार्यको लगि हस्तान्तरण गर्ने । |
| २३ | वसोवास व्यवस्थापन सहयोग सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ११ को साविक गोगंवुं ८ को सिट नं. १०२०९४५१७ कि.नं. ६० र ६२ क्षे.फल क्रमशः ३.९८ र ६१.६० ब.मी. जग्गा नेपाल सरकारको नदी मापदण्ड भित्र रहेकोले सो संरचना भत्काई खाली गर्न सम्बन्धित जग्गा/घरधनी बेला कार्की मन्जुर रहेको उक्त क्षेत्रमा लामो समयदेखि वसोवास गर्दै आएका श्री बेला कार्कीलाई सो स्थान खाली गराउन, निजको सरसामाग्री तथा वसोवास घर/टहरा भत्काउने सामाग्री स्थानान्तरण, ढुवानी खर्च, वसोवास, घरभाडा, खाद्य सामाग्री व्यवस्थापनका लागि वडा कार्यालयको सिफारिसको आधारमा तत्काल वसोवास व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट रु २ लाख १७ औं नगरसभाको खर्च शिर्षक नं. १२७३ मा विनियोजित रकम मध्येबाट आकस्मिक सहयोग अनुदान उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिका वडा नं. १० को महादेवटार क्षेत्रमा रहेको सरकारी/सार्वजनिक जग्गा खाली गराउने कार्य अन्तर्गत उक्त क्षेत्रमा लामो समयदेखि वसोवास गर्दै आएका श्री केशव प्रसाद अधिकारीलाई सो स्थान खाली गराउन, निजको सरसामाग्री तथा वसोवास टहरा भत्काउने सामाग्री स्थानान्तरण, ढुवानी खर्च, वसोवास, घरभाडा, खाद्य सामाग्री व्यवस्थापनका लागि वडा कार्यालयको सिफारिसको आधारमा तत्काल वसोवास व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट रु २ लाख १७ औं नगरसभाको खर्च शिर्षक नं. १२७३ मा विनियोजित रकम मध्येबाट आकस्मिक सहयोग अनुदान उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| २४ | कार्यक्रम | टोखा नगरपालिकाको १७ औं नगरसभाको सि.नं. ५० मा विषादि सचेतना कार्यक्रमको |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | रकमान्तर सम्न्धमा । | लागि विनियोजित रकम मध्येबाट रु १ लाख साझेदारीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा रकमान्तर गरी कार्यान्वयन गर्ने । |
| २५ | सिसिक्यामेरा जडान सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. १० स्थित महादेवटार टोलमा सिसिक्यामेरा जडानको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु १ लाख ४० हजार विनियोजन गर्ने । |

CamScanner

टोखा नगरपालिकाको नगर/वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन भई नगरकार्यपालिकाको बैठकबाट अनुमोदन भएका आयोजनाहरुको विवरण:

आ.व.२०८२/८३ | कार्यपालिका बैठक मितिः-२०८३/०१/२९ | आयोजना संख्याः-२२

| सि.नं. | वडा नं. | आयोजना तथा कार्यक्रमको नाम | काम गर्ने उ.स./ निर्माण कम्पनिको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न मिति | प्राविधिक मूल्याङ्कन रकम | अनुगमन समितिबाट अनुगमन भएको मिति | वडा/नगरस्तरीय अनुगमन | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | वडा नं. ६ स्थित पश्चिम नैनडोल टोल भित्र खानपानीको पाईपलाईन विस्तार र चेम्बर निर्माण | पश्चिम नैनडोल खानेपानी उपभोक्ता समिति | २०८१-१२--४ | १११२४२८.४ | २०८२-११--२८ | १०२२३५७.८३ | २०८३-१--१७ | नगरस्तरीय | ८७१ |
| २ | ६ | लाखेडाँडा पार्क थप निर्माण व्यवस्थापन | धापासी टोल उपभोक्ता समिति | २०८२-८--१२ | १०००९५५.२५ | २०८२-११--२९ | १०००८४१.१६ | २०८३-१--१७ | नगरस्तरीय | ८६२ |
| ३ | ६ | वडा नं. ६ स्थित कियापुत्री भवन नजिकै रहेको जिमहल नजिकको वाल निर्माण | रोमान्टिक मल्टिप्रपोज प्रा.लि., काठमाडौं (पान नं. 619757076) | २०८२-१२--२२ | ५४९७२६.३६ | २०८३-१--१६ | ५४९४२४.१९ | २०८३-१--१७ | नगरस्तरीय | १४६ |
| ४ | ६ | चुनदेवी मन्दिर मर्मत | मा चण्डेश्वरी निर्माण सेवा प्रा.लि., टोखा | २०८२-२--२२ | ७१८५५२.३१ | २०८२-१२--३० | ६५४०२७.६९ | २०८३-१--१७ | नगरस्तरीय | ८७३ |
| ५ | ६ | नैनदेवी मन्दिर राउलटार बस्तीको खानेपानी ढल र सडक स्तरोन्नती | नैनदेवी मन्दिर राउलटार बस्तीको खानेपानी,ढल र सडक स्तरोन्नती उपभोक्ता समिति | २०८२-१०--१९ | १६६७६०२.८७ | २०८३-१--२१ | १६६८०३१.२३ | २०८३-१--२१ | नगरस्तरीय | ८४९ |
| ६ | १ | बोँडुखोला देखि भङ्गालपुल सम्म सडक स्तरोन्नती | बोँडुखोला देखि मङ्गलपुल सम्म सडक स्तरोन्नती उपभोक्ता समिति | २०८२-११--११ | ८९२०५३.०७ |  | ८९४९०२.४१ | २०८३-१--२१ | नगरस्तरीय | ६३ |
| ७ | १ | बोँडुगाउँ मोटरबाटो स्तरोन्नती | बोँडुगाउँ मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति | २०८२-९--१ | १००४४९४.९७ |  | १००४४९५.८१ | २०८३-१--२१ | नगरस्तरीय | ४१० |
| ८ | १ | केशवको घरदेखि सुर्य तामाङको घर मोटरबाटो स्तरोन्नती | सुर्य तामाङको घर जाने बाटो निर्माण उपभोक्ता समिति | २०८२-८--१९ | २२२८९१.०३ |  | २२२४९४२.८९ | २०८३-१--२१ | नगरस्तरीय | ४०४ |
| ९ | १ | मूल सडकदेखि कुमार दुलालको घर | छ्विलटार उपभोक्ता समिति | २०८२-१०--२० | १००१२१७.०३ | २०८३-१--२१ | १००११८८.३२ | २०८३-१--२१ | नगरस्तरीय | ३८९ |
| १० | १ | बिष्णुलालको घर देखि सल्लेगाउँ सम्म मोटरबाटो स्तरोन्नती | बोँडुखोला ड्रेन निर्माण उपभोक्ता समिति | २०८२-९--३० | १००७३५४ |  | ९२२७७८.८ | २०८३-१--२१ | नगरस्तरीय | ४११ |
| ११ | २ | चण्डेश्वरी मा.वि. भौतिक पूर्वाधार | चण्डेश्वरी मा.वि. भौतिक निर्माण उपभोक्ता | २०८२-८--२२ | १६६९५४०.८२ | २०८२-१२--२७ | १६७०२८९.१३ | २०८३-१--२१ | नगरस्तरीय | ४०२ |
| १२ | १ | जामुने फाँट सामुदायिक भवन पूर्वाधार निर्माण | राधाकृष्ण टोल विकास संस्था | २०८२-९--८ | १११८३३१.१५ | २०८३-१--१४ | १०७५३९३.८५ | २०८३-१--२१ | नगरस्तरीय | ४१४ |
| १३ | ३ | कृष्ण पौडेलको घर अगाडि देखि मेन सडकमा सडक स्तरोन्नती | टोखा सीमाना उपभोक्ता समिति | २०८२-१२--१० | १५५८६७६.३३ | २०८३-१--१४ | १५५२८१७.५३ | २०८३-१--२२ | नगरस्तरीय | ४०५//४३ |
| १४ | ८ | वडा नं. ८ स्थित सिद्धि विनायक गणेश मन्दिर परिसरमा वाल रेलिङ लगायत मन्दिर जिर्णोद्धार | श्री स्वस्थानी बासुकी टोल विकास संस्था | २०८२-१०--१२ | १६६७३५९.०७ | २०८३-१--११ | १६५५७६३.८९ | २०८३-१--२२ | नगरस्तरीय | ९९२ |
| १५ | ८ | वडा कार्यालय अगाडि मिनी पार्क एवं खुल्ला व्यायमशाला निर्माण | पिण्डेश्वर टोल विकास संस्था | २०८२-६--८ | ४८०६५९६.१ | २०८३-१--१४ | ४७२८५१४.५७ | २०८३-१--२२ | नगरस्तरीय | १००२ |
| १६ | ३ | वडा नं.३ स्थित मेलमिलाप टोल अन्तर्गत लाम्ने बाटोमा ढल स्तरोन्नती एवं सडक ढलान | मेल मिलाप टोल उपभोक्ता समिति लाम्ने | २०८२-१२--५ | ५५६७८२.९७ | २०८३-१--१७ | ५५०१४८.३ | २०८३-१--१७ | वडास्तरीय | ६५ |
| १७ | ७ | वडा नं. ७ स्थित धनेश्वर महादेव मन्दिर मैजुहिटी देखि दक्षिण तर्फ हुदै बस्तीमा गएको सडक निर्माण | धनेश्वर टोल विकास संस्था | २०८२-८--१६ | २७८४१७१.८३ | २०८३-१--२२ | २७०६८०९.६५ | २०८३-१--२२ | नगरस्तरीय | ९३७ |

टोखा नगरपालिकाको नगर/वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन भई नगरकार्यपालिकाको बैठकबाट अनुमोदन भएका आयोजनाहरुको विवरण:

| सि.नं. | वडा नं. | आयोजना तथा कार्यक्रमको नाम | काम गर्ने उ.स./ निर्माण कम्पनिको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न मिति | प्राविधिक मूल्याङ्कन रकम | अनुगमन समितिबाट अनुगमन भएको मिति | वडा/नगरस्तरीय अनुगमन | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | ३ | वडा नं. ३ स्थित स्टार टाउन माधव बहादुर उप्रेतीको घरदेखि भित्र जाने बाटोमामा खानेपानी पाईपलाईन विस्तार एवं ढलान गर्ने | स्टार टाउन उपभोक्ता समिति | २०८२-१२--५ | ४११२३९.५३ | २०८३-१--२५ | ३९२९०१.७५ | २०८३-१--२५ | वडास्तरीय | ३२५ |
| १९ | २ | २ नं. वडा कार्यालयको संयोजनमा वडा नं. २ स्थित सपनतिर्थ करिडोर खोल्ने कार्यको | सपनतिर्थ करिडोर उपभोक्ता समिति | २०८२-१२--१८ | २२३५८१.७६ | २०८३-१--९ | २२२५६६.९२ | २०८३-१--८ | वडास्तरीय | ३२५ |
| २० | ३ | वडा नं. ३ स्थित सबुज बानियाँको घरबाट पूर्व हुदै ग्राण्डीभिल्ला निस्कने सडकमा बार निर्माण | ग्राण्डी भिल्ला कृयापुत्री भवन,बाटो निर्माण उप | २०८२-१२--१ | २२२८१८२.१२ | २०८३-१--२१ | २०८११५०.४ | २०८३-१--२५ | नगरस्तरीय | ३२५,१४ र १६ |
| २१ | ८ | वडा नं. ८ को पश्चिम पट्टीको तल्लो भागमा रिटेनिङ्ग वाल निर्माण | हिमालयन टोल विकास संस्था | २०८२-२--४ | ५२२२४५४.६३ | २०८३-१--१५ | १६१९२४७.७८ | २०८३-१--२५ | नगरस्तरीय | १००३ |
| २२ | ११ | वडा नं. ११ को वडा कार्यालय देखि आफन्तटोल तर्फ जाने सडकसम्मको करिडोर सडकमा फुटपाथ लगायतका संरचना निर्माण | प्रगतिशिल उपभोक्ता समिति | २०८२-२--२ | ३७०४३३२.५७ | | ३७२३१०२.९७ | २०८३-१--२५ | नगरस्तरीय | १२५१ |

CamScanner

टोखा नगरपालिका

# शिक्षक दरबन्दी मिलान समितिको प्रतिवेदन, २०८३

**<u>पेस गरेको निकाय</u>**

टोखा नगरपालिका

मैजुहिटी, टोखा

**<u>पेस गर्ने</u>**

**दरबन्दी मिलान तथा पुनर्वितरण कार्यदल**

श्री सीताराम कोइराला, प्रमुख शिक्षा अधिकृत - संयोजक

श्री सायरा परियार, सामाजिक समिति संयोजक - सदस्य

श्री कृष्ण अर्जुन बानिँया, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - सदस्य

श्री केदार रेग्मी, प्रधानाध्यापक - सदस्य

श्री बौधराज निरौला, टोखा, विज्ञ - सदस्य

CamScanner

श्री खगेन्द्रसिंह धामी, शिक्षा अधिकृत सातौं - सदस्य सचिव

२०८३ बैसाख १४ गते

# शिक्षक दरबन्दी मिलान समितिको प्रतिवेदन, २०८३

## १. पृष्ठभूमि

गुणस्तरीय शिक्षाको प्रमुख आधार दक्ष शैक्षिक जनशक्ति, स्तरीय शैक्षिक सामग्री, सुरक्षित सिकाइ वातावरण हुन । विद्यालय शिक्षाको प्रमुख जनशक्ति शिक्षक हुन । शिक्षकको अभावमा गुणस्तरीय शिक्षाको परिकल्पना गर्न सकिदैन । विद्यालयहमा बिगत लामो समयदेखि विद्यालयगत र कक्षागत रुपमा शिक्षक विद्यार्थीहरुको अनुपात मिलेको छैन । कुनै विद्यालयमा शिक्षक धेरै छन् तर विद्यार्थी न्यून छन् भने कुनै विद्यालयमा विद्यार्थी धेरै छन् तर उनीहरुलाई पठनपाठन गराउने शिक्षकको अभाव छ। शिक्षक र विद्यार्थीहरुको संख्यात्मक र विषयगत मिलान नगरेसम्म गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भव हुदैन ।

प्राथमिक तहमा शिक्षक दरबन्दी विद्यार्थी संख्याको आधारमा र आधारभूत र माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक दरबन्दी कायम हुने व्यवस्था भएको भए तापनि उक्त कार्यको कार्यान्वनय भएको छैन ।उपर्युक्त तथ्यलाई मध्यनजर गरी टोखा नगरपालिकाले सामुदायिक विद्यालयका शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ को उपदफा (१) बमोजिम गठित दरबन्दी मिलान तथा पुनर्वितरण कार्यदल शिक्षक दरवन्दी मिलान गर्न बाञ्छनीय भएकाले नगरपालिका भित्रका शिक्षकहरुको शिक्षक दरवन्दी मिलान गर्न यो प्रतिवेदन तयार गरिएको छ ।

टोखा नगरपालिका भित्र संचालनमा रहका ९ वटा विद्यालयमा कायम हुने दरबन्दीलाई सामुदायिक विद्यालयका शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८२ ले तय गरेका आधारमा समानुपातिक रुपले वितरण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. विद्यमान विद्यालय, शिक्षक, विद्यार्थीको अवस्था

सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी पूनरवितरण गर्न नेपाल सरकारको मिति २०७५।०३।०४ गतेको निर्णयअनुसार श्री महाश्रम शर्माको अध्यक्षतामा शिक्षक दरबन्दी पूनरबितरण सुझाब कार्यदल गरेको थियो । उक्त कार्यदलको प्रतिवेदन नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७६।०५।०४ मा स्वीकृत भयो । नेपाल सरकारको शिक्षक दरबन्दी मिलान संबन्धी निर्णय कार्यान्वयन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट



CamScanner

मन्त्रालयले तयार गरेको शिक्षक दरबन्दी मिलान तथा कार्यान्वयन कार्यविधि २०७६ स्वीकृत गरी कार्यान्वयनको क्रममा रहेको छ ।

३. शिक्षक दरबन्दी मिलानको मुख्य उद्देश्य

दरबन्दी दरबन्दी मिलान गर्नुको मुख्य उद्देश्य देहायबमोजिम रहेका छन्:

क. टोखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा भएको शिक्षक-विद्यार्थीको अनुपात संख्यात्मक र विषयगत रुपमा मिलान गर्नु ।

ख. समानुपातिक रुपमा शिक्षकहरुको कार्यबोझ मिलान गर्नु ।

ग. विद्यार्थी संख्याको आधारमा विद्यालयमा शिक्षक उपलब्ध गराइ गुणस्तरीय शिक्षा प्रदान गर्नु।

४. शिक्षक दरबन्दी मिलान प्रक्रिया

शिक्षक दरबन्दी मिलानका क्रममा देहायका प्रक्रिया अपनाइएको छः

क. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितर्णका लागि कार्यविधि स्वीकृत र सो अनुरुप कार्यदल गठन

ख. विद्यालयगत शिक्षक दरबन्दीको विश्लेषण

ग. विद्यालयगत विद्यार्थी शिक्षकको संख्यात्मक, कक्षागत र विषयगत दरबन्दीको विश्लेषण

घ. शिक्षक, विद्यार्थी, अभिभावकलगायकाका सरोकारवालाहसँग अन्तर्क्रिया, छलफल तथा राय सुझाब संकलन

ङ. टोखा नगरपालिका, सामुदायिक विद्यालयको दरबन्दी मिलान तथा पुनर्वितरणसम्बन्धी कार्यविधि,२०८२ बमोजिम विद्यालयगत शिक्षक दरबन्दी कायम

च. कार्यरत शिक्षकहरुलाई विद्यालय छनोट गर्ने अवसर प्रदान

छ. टोखा नगर भित्रका शिक्षक दरबन्दी मिलान गर्नका लागि टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र नगर शिक्षा समितिबाट निर्णय ।

५. शिक्षक दरबन्दी मिलानका आधारः

सामुदायिक विद्यालयको दरबन्दी मिलान तथा पुनर्वितरणसम्बन्धी कार्यविधि,२०८२ मा भएको व्यवस्था अनुसार देहायबमोमजिमका आधारमा शिक्षक दरबन्दी मिलान गरिएको छ।

क. चालु शैक्षिक सत्रको अद्यावधिक तहगत र कक्षागत विद्यार्थी संख्या।

ख. विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत, अनुदान कोटाको शिक्षक संख्यात्मक विवरण ।

ग. दरबन्दी मिलान गर्दा बढी हुन आएका दरबन्दी जगेडामा राखी विद्यार्थी संख्या र विषयगत आवश्यकताको आधारमा दरबन्दी कायम ।

घ. विद्यालयगत दरबन्दी कायम गर्दा विशेष प्रकृतिका विद्यालयभन्दा अन्य विद्यालयमा "क" र "ख" वर्गका अपाङ्गता भएका शिक्षकमध्ये दृष्टिविहीन र शारीरिक रुपले अशक्त शिक्षकको दरबन्दीलाई विद्यालयको कायम हुने दरबन्दीमा गणना नगरिने।

ङ. पहिलो पटक दरबन्दी मिलान गर्दा यो कार्यविधि जारी भएको शैक्षिक सत्रको विद्यार्थी संख्या, शिक्षक संख्या र विद्यालय संख्यालाई आधार मानिएको ।

च. सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी पूनरवितरण गर्न नेपाल सरकारको मिति २०७५।०३।०४ गतेको निर्णय अनुसार महाश्रम शर्माको अध्यक्षतामा गठन गरेको शिक्षक दरबन्दी पूनरबितरण सुझाब कार्यदलको प्रतिबेदन समेत ।

छ. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय निर्णयले स्वीकृत गरेको शिक्षक दरबन्दी मिलान तथा कार्यान्वयन कार्यबिधि, २०७६ उल्लिखित प्रावधानहरु समेत । दरबन्दी मिलान तथा पुनर्वितरणसम्बन्धी कार्यविधि, २०८२ मा भएको ब्यवस्थाअनुसार विद्यालयगत रुपमा शिक्षक दरबन्दी कायम।

ज. दरबन्दीलाई समानुपातिक तवरले वितरण गर्दा अपुग भएमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा क्रमशः पूर्ति गर्न सकिने

झ. दरबन्दी मिलान तथा पुनर्वितरणसम्बन्धी कार्यविधि, २०८२ मा भएको ब्यवस्था अनुसार शिक्षक दरबन्दी मिलान गर्न शिक्षकहरुलाई काज वा सरुवा गर्ने सक्ने ब्यवस्थाको कार्यान्वयन ।

ञ. एउटै वडामा रहेका २ वटा माध्यमिक विद्यालयमध्ये माध्यमिक तहमा कम विद्यार्थी भएको श्री झोर महाँकाल माविको अर्को व्यवस्था नभएसम्मका लागि माध्यमिक तह घटाई आधारभूत तहमात्र कायम राख्न उपयुक्त हुने ।



CamScanner

## ६. टोखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कायम शिक्षक दरबन्दी संख्या

टोखा नगर भित्रका सामुदायिक विद्यालयमा तपशिल बमोजिम हुने गरी शिक्षक दरबन्दी मिलान गर्न प्रस्ताब गरिएको छः

| क स | | तह | विद्यार्थी संख्या | साविक शिक्षक दरवन्दी | कायम हुने विषयगत शिक्षक दरवन्दी | | | | | | | | कायम शिक्षक दरबन्दी | थप/घट हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंग्रेजी | विज्ञान | गणित | नेपाली | सामाजिक | अन्य १ | अन्य २ | विषयगत जम्मा | | |
| १ | बौडेश्वर मा.वि. | बाविके | १०७ | २ | | | | | | | | | ५ | ३ |
| | | प्रावि (१-५) | १२७ | ८ | | | | | | | | | ४ | (४ |
| | | निमावि (६-८) | ११८ | ७ | १ | १ | १ | १ | १ | | | ५ | ५ | (२ |
| | | मावि (९-१०) | ६० | ६ | १ | १ | १ | १ | १ | १ | | ६ | ६ | ० |
| | | मावि (११-१२) | ६३ | ३ | १ | | | | | १ | | २ | २ | (१ |
| २ | चण्डेश्वरी मा. वि. | बाविके | ६५ | १ | | | | | | | | | ३ | २ |
| | | प्रावि (१-५ ) | १९५ | ६ | | | | | | | | | ७ | १ |
| | | निमावि (६-८) | १६० | ३ | १ | १ | १ | १ | १ | १ | | ६ | ६ | ३ |
| | | मावि (९-१०) | ६६ | ० | १ | १ | १ | १ | १ | १ | | ६ | ६ | ६ |
| | | मावि (११-१२) | ० | ० | | | | | | | | | ० | ० |
| ३ | चुनदेवी आवि | बाविके | ४५ | ० | | | | | | | | | २ | २ |
| | | प्रावि (१-५ ) | १३ | ० | | | | | | | | | २ | २ |
| | | निमावि (६-८) | ० | ० | | | | | | | | | ० | ० |
| | | मावि (९-१०) | ० | ० | | | | | | | | | | |
| | | मावि (११-१२) | ० | ० | | | | | | | | | ० | ० |

| क स | | तह | विद्यार्थी संख्या | साविक शिक्षक दरवन्दी | कायम हुने विषयगत शिक्षक दरवन्दी | | | | | | | | कायम शिक्षक दरबन्दी | थप/घट हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंग्रेजी | विज्ञान | गणित | नेपाली | सामाजिक | अन्य १ | अन्य २ | विषयगत जम्मा | | |
| ४ | धापासी मा.वि. | बाविके | ५७ | १ | | | | | | | | | ३ | २ |
| | | प्रावि (१-५ ) | २०२ | ९ | | | | | | | | | ७ | (२ |
| | | निमावि (६-८) | १४६ | ५ | १ | १ | १ | १ | १ | | | ५ | ५ | ० |
| | | मावि (९-१०) | ८४ | १ | १ | १ | १ | १ | १ | १ | | ६ | ६ | ५ |
| | | मावि (११-१२) | ० | ० | | | | | | | | | ० | ० |
| ५ | जालुपा मावि | बाविके | ११९ | २ | | | | | | | | | ६ | ४ |
| | | प्रावि (१-५ ) | ३०९ | ६ | | | | | | | | | १० | ४ |
| | | निमावि (६-८) | २६१ | ३ | २ | २ | २ | १ | १ | १ | | ९ | ९ | ६ |
| | | मावि (९-१०) | १८९ | २ | २ | २ | २ | १ | १ | १ | | ९ | ९ | ७ |
| | | मावि (११-१२) | ६६ | ० | | | | | | | | | २ | २ |
| ६ | मनोहर मावि | बाविके | ५२ | १ | | | | | | | | | ३ | २ |
| | | प्रावि (१-५ ) | २११ | ११ | | | | | | | | | ७ | (४ |
| | | निमावि (६-८) | २२३ | ५ | १ | २ | २ | १ | १ | 1 | | ८ | ८ | ३ |
| | | मावि (९-१०) | १४८ | ७ | १ | २ | २ | १ | १ | १ | | ८ | ८ | १ |
| | | मावि (११-१२) | १८५ | २ | | | | | | | | | २ | ० |
| ७ | सरस्वती मावि | बाविके | १४२ | २ | | | | | | | | | ७ | ५ |
| | | प्रावि (१-५ ) | ५१२ | १० | | | | | | | | | १७ | ७ |

| क स | | तह | विद्यार्थी संख्या | साविक शिक्षक दरवन्दी | कायम हुने विषयगत शिक्षक दरवन्दी | | | | | | | | कायम शिक्षक दरवन्दी | थप/घट हुने दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंग्रेजी | विज्ञान | गणित | नेपाली | सामाजिक | अन्य १ | अन्य २ | विषयगत जम्मा | | |
| | | निमावि (६-८) | ३३३ | ४ | २ | २ | २ | १ | १ | | | ९ | ९ | ५ |
| | | मावि (९-१०) | २०२ | ६ | २ | २ | २ | १ | १ | १ | | ९ | ९ | ४ |
| | | मावि (११-१२) | २४९ | २ | | | | | | | | | २ | ० |
| ८ | झोर महाकाल मावि | बाविके | ५७ | २ | | | | | | | | | ३ | १ |
| | | प्रावि (१-५ ) | १२२ | ७ | | | | | | | | | ४ | (३ |
| | | निमावि (६-८) | ८१ | ४ | १ | १ | | १ | १ | | | | ४ | ० |
| | | मावि (९-१०) | ३८ | २ | १ | १ | १ | १ | १ | १ | | | ६ | ४ |
| | | मावि (११-१२) | ० | ० | | | | | | | | | ० | ० |
| ९ | तिलिङ्गाटार मावि | बाविके | १२० | २ | | | | | | | | | ६ | ४ |
| | | प्रावि (१-५ ) | ४०२ | १७ | | | | | | | | | १३ | (४ |
| | | निमावि (६-८) | ३४४ | ७ | २ | २ | २ | २ | २ | १ | | ११ | ११ | ४ |
| | | मावि (९-१०) | २३१ | ५ | २ | २ | २ | १ | २ | १ | | १० | १० | ५ |
| | | मावि (११-१२) | १४७ | ३ | | | | | | | | | २ | (१ |
| | जम्मा | | ६२५१ | १६४ | २३ | २४ | २३ | १७ | १८ | १४ | ० | १०९ | २३६ | ७३ |

७. साविक र थप गर्नुपर्ने शिक्षकको विवरणको सारांश

| क्रसं | तह | साविकको दरबन्दी (दरबन्दी र राहत) | कायम हुन आएको दरबन्दी | थप हुने दरबन्दी | संघ/प्रदेश/नगर अनुदान | खास नपुग हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | १३ | ३९ | २६ | ३ | २३ | नगर ३ |
| २ | प्राथमिक तह | ७४ | ७७ | ३ | १ | २ | नगर १ |
| ३ | निमा तह | ३८ | ५७ | १९ | १० | ९ | नगर १० |
| ४ | माध्यमिक तह | २९ | ५४ | २५ | १३ | १२ | नगरमा ६, संघ ६, प्रदेश १ |
| ५ | उच्च माध्यमिक तह | १० | १० | | | | |
| | जम्मा | १६४ | २३७ | ७३ | २७ | ४६ | |



CamScanner

८. सुझाव :

क. अङ्ग्रेजी, गणित, विज्ञान, लेखा, संगीत, खेलकुद र सूचना तथा सञ्चार प्रविधि लगायतका विषय पठनपाठन गर्नका लागि आवश्यकताका आधारमा नगरपालिकाले नै विज्ञापन गरी वा शिक्षक बैंकमा रहेको शिक्षकलाई घुम्ती शिक्षक (Mobile Teacher) राख्न उपयुक्त हुने ।

ख. नगरपालिका भित्र सञ्चालन भएका अनुकरणीय सामुदायिक विद्यालयलाई नजिकमा रहेको सामुदायिक विद्यालयको ब्यवस्थापकीय जिम्मेवारीमा साझेदारी गर्न सकिने गरी नीतिगत निर्णय गर्न उपयुक्त हुने ।

ग. नगरपालिका भित्रका सामुदायिक विद्यालयको परिवर्तित शिक्षक दरवन्दी अद्यावधिक गर्न शिक्षा विकास तथा समन्वय इकाइलाई लेखी पठाउनु पर्ने ।

घ. प्रत्येक शैक्षिक सत्रमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या अध्यावधिक गरी शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा २ महिना अगाडि नै शिक्षक दरबन्दी मिलान पुनरावलोकन गर्नु पर्ने।

ङ. प्रारम्भिक बाल विकासमा नपुग हुने २६ वटा दरबन्दी ।

च. कक्षा ११ र १२ का लागि साविकमा २ जनामात्र अनुदानमा शिक्षक रहेकाले प्रत्येक ४० जना विद्यार्थीलाई एक कक्षा मानी दरबन्दी कायम हुनुपर्ने ।

छ. प्रारम्भिक बालविकास ठोस नपुग हुने २६ जना सहजकर्ताका लागि प्रत्येक २० जना विद्यार्थी बराबर एक कक्षा मानी दरबन्दीको व्यवस्था हुनुपर्ने ।

ज. हरेक तहको नपुग हुने शिक्षक दरबन्दीका हकमा साधन स्रोतको उपलब्धताका आधारमा स्थानीय तहले व्यवस्थापन गर्ने र सो नभएमा संघ र प्रदेशसँग दरबन्दी माग गर्ने ।

झ. आधारभूत तहको कक्षा ६ देखि ८ थप हुने अन्य विषयको शिक्षकमा स्थानीय पाठ्यक्रमको पठनपाठनका लागि आवश्यक शिक्षक व्यवस्थापन गर्नुपर्ने ।

ञ. माथिल्लो तहमा पूर्ण दरबन्दी दिन सकिने अवस्था नभएमा स्नातकोत्तर तह उत्तीर्ण गरेको अन्य तहको शिक्षकलाई माध्यमिक तह कक्षा ११ र १२ संचालन भएका विद्यालयमा खटाउन उपयुक्त हुने ।

९. निष्कर्ष

विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको व्यवस्थापन गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो । वर्तमान अवस्थामा कुनै विद्यालयमा शिक्षकहरुको कार्य बोझ अत्यधिक छ भने कुनै विद्यालयमा शिक्षकहरुले विद्यार्थीको अभावमा कार्य गर्न पाएका छैनन् । आधारभूत तहको कक्षा १ देख ५ सम्म विषयगत शिक्षक राख्ने प्रावधान छैन । आधारभूत तह कक्षा ६ देखि ८ सम्म

र माध्यामिक तह कक्षा ९ देख १२ सम्म विषयगत शिक्षक बिना पठन पाठन गराउन कठिन हुन्छ । टोखा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थीहरुको असमान बितरणलाई सम्बोधन नगरेसम्म गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिदैन ।

टोखा नगरपालिकाको सामुदायिक विद्यालयको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ मा भएको ब्यवस्थाअनुसार शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालविकास केन्द्रमा १:२० र आधारभूत तथा माध्यमिक तहमा १:४० हुने प्रावधान छ । कार्यविधिमा भएको प्रावधानलाई अक्षरस कार्यान्वय गर्दा न्यून संख्यामा विद्यार्थी भएका र अधिक संख्यामा विद्यार्थी भएका विद्यालयहरुलाई समानुपातिक ढंगले शिक्षक दरबन्दी उपलब्ध गराउन कठिन हुने देखिएकाले कार्यविधिमा भएका कतिपय दफाहरु सापेक्षिक बनाउनु पर्ने देखिन्छ ।

विद्यार्थी नै नभएको विद्यालयमा शिक्षक उपलब्ध गराउन र भौतिक पूर्वाधारको विस्तार गर्न मुनासिब हुदैन । त्यसैले जुन विद्यालयमा विद्यार्थी ज्यादै न्यून छन त्यस्ता विद्यालयहरुको तह तथा कक्षा घटुवा गर्नु पर्छ । साथै धेरै विद्यार्थी संख्या भएको विद्यालयमा शिक्षक दरबन्दी तथा अनुदान थप गर्नुका साथै भौतिक पूर्वाधार बिस्तारको लागि नगरपालिकाले आवश्यक सहयोग गर्नु पर्ने देखिन्छ ।

नेपालको संबिधानले माध्यमिक तहसम्मको शिक्षा निशुल्क गरेको अवस्थामा विद्यार्थीहरुबाट शुल्क लिन मिल्दैन । वि। सं २०७४ सालको विद्यार्थी संख्याको आधारमा महाश्रम शर्माको सुझाब कार्यदलको सिफारिसअनुसार तय भएको शिक्षक दरबन्दी सामुदायिक विद्यालयमा विद्यार्थी बढेको हुनाले संख्या वि। सं। २०८३ सालमा उपयुक्त देखिदैन । यस्तो अवस्थामा नेपाल सरकारको तत्कालिन निर्णय हुबहु कार्यान्वयन गर्न संभब देखिदैन। आधारभूत तह (कक्षा १-५) र माध्यमिक तह (कक्षा ९-१०) मा बढी भएको शिक्षक दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी माथिल्लो शैक्षिक योग्यताका आधारमा आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ११-१२) मा नपुग हुने शिक्षक दरबन्दीमा शिक्षकहरुलाई कामकाज गर्न खटाउँदा विद्यार्थी संख्याको आधारमा बितरण गर्दा शिक्षक दरबन्दीको असमान वितरणको समस्या समाधन गर्न सहज हुने देखिन्छ ।

## अनुसूची १

## टोखा नगरपालिका भित्रको विद्यामान शिक्षक दरबन्दी (२०८२)

| क्र.स. | विद्यालयको नाम | प्राथमिक तह | | | निम्नमाध्यमिक तह | | | माध्यमिक तह | | | साविक उच्चमाध्यमिक तह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान कोटा | जम्मा |
| १ | बौंडेश्वर मा.वि. | ८ | ० | ८ | ५ | २ | ७ | ४ | २ | ६ | ० | ३ | ३ |
| २ | झोरमहांकाल मा.वि. | ५ | २ | ७ | ० | ४ | ४ | २ | ० | २ | ० | ० | ० |
| ३ | चण्डेश्वरी मा. वि. | ६ | ० | ६ | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | सरस्वती मा.वि. | १० | ० | १० | ४ | ० | ४ | ५ | १ | ६ | २ | ० | २ |
| ५ | धापासी मा.वि. | ९ | ० | ९ | ० | ५ | ५ | १ | ० | १ | ० | ० | ० |
| ६ | चुनदेवी आ.वि. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | तिलिंगाटार मा.वि. | १५ | २ | १७ | ५ | २ | ७ | ५ | ० | ५ | ३ | ० | ३ |
| ८ | जालुपा मा.वि. | ५ | १ | ६ | १ | २ | ३ | २ | ० | २ | ० | ० | ० |
| ९ | मनोहर मा.वि. | १० | १ | ११ | ५ | ० | ५ | ६ | १ | ७ | ० | २ | २ |
| | जम्मा | ६८ | ६ | ७४ | २० | १८ | ३८ | २५ | ४ | २९ | ५ | ५ | १० |

## अनुसूची २

## विद्यालय छनोटका लागि नमुना फाराम

१. शिक्षकको नाम :

२. स्थायी ठेगाना :

३. शिक्षक संकेत नम्बर : (स्थायी भएमा)

४. लिङ्ग : महिला/पूरूष/अन्य

५. कार्यरत विद्यालयको नाम :

६. कार्यरत विद्यालयको ठेगानाः

७. कार्यरत दरबन्दी : स्थायी/अस्थायी/करार

८. नियुक्ति पाएको दरबन्दीको तह : प्रावि/निमावि/मावि(९-१०)/मावि(११-१२)

९. श्रेणी : प्रथम/द्वितीय /तृतीय

१०. जन्म मितिः

११. अवकाश मिति :

१२. शुरु नियुक्ति मिति (अस्थायी/स्थायी) :

१३. हालको तहमा नियुक्ति मिति (अस्थायी/स्थायी) :

१४. कार्यरत विद्यालयमा शुरू हाजिर भएको मितिः

१५. न्यूनतम शैक्षिक योग्यताः

१६. माथिल्लो शैक्षिक योग्यताः

१७. अध्यापन गराउने विषय :

१८. प्राथमिकताका आधारमा छनोट गरिएका सम्भाब्य सबै विद्यालयहरूः

1. विद्यालय क
2. विद्यालय ख
3. विद्यालय ग
4. विद्यालय घ
5. विद्यालय ङ
6. विद्यालय च
7. विद्यालय छ
8. विद्यालय ज

१९. अपाङ्ग शिक्षक भए अपाङ्गको प्रकारः

२०. उल्लिखित विवरण मैले राजी खुशिले भरेको हु । झुटो विवरण ठहरे कानूनबमोजिम सहुँला /बुझाउँला।

शिक्षकको नामः

विद्यालयः



CamScanner

हस्ताक्षर: श्रेणी: मिति:



CamScanner